जि.प्र.का.द.नं. ८६/०६४     स.क.प.आवद्ध नं. २३१३६     रा.आ.ज.म.म.द.नं. २०

(संस्थाको लोगो)

# मुगाल आदिवासी जनजाति महिला उत्थान संस्था

**मुख्य कार्यालयः काठमाण्डौं, बौद्ध महांकाल फोन नं. 9841428963**

## परिचय :

मुगाल जाति नेपाल सरकारद्धारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरु मध्ये एक आदिवासी जनजाति हो । नेपालको सबैभन्दा पिछडिएको अञ्चल कर्णालीको सबै भन्दा पडाडिएको जिल्ला मुगुमा यी जातिहरुको बाक्लो बसोबास रहेको पाइन्छ । नेपाल केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार मुगालहरुको हालको जनसंख्या जम्मा ६९२ देखाइएको छ । तथापि मुगालहरुको जनसंख्या ७००० भन्दा माथि रहनु पर्ने मुगाल समुदायको दाबी छ ।

मुगालहरुको प्रमुख पेशा खेतीपाती भएपनि व्यापार व्यवसायमा पनि उनीहरु आबद्धता रहेको छ । अधिकांश मुगालहरु निरक्षर भएकाले उनीहरु नेपाली भाषा सम्म पनि राम्रोसंग बोल्न सक्दैनन । यसैले नगन्य मात्रामा उनीहरु सरकारी तथा गैर सरकारी संघसंस्थाहरुमा कार्यरत छन । मुगाल आदिवासी जनजाति महिला उत्थान संस्था, मुगाल महिलाहरुको सामाजिक, सँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्द्धन र प्रर्वधन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक संस्था हो । यो संस्था २०६४ सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरुको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ ।

## संस्थाको संरचना :

मुगाल आदिवासी जनजाति महिला उत्थान संस्था(मु.आ.ज.म.उ.सं )को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३ /३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट १३ सदस्यि केन्द्रिय कार्यकारिणी समितीको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यकमहरुको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

### सांगठनिक ढाँचा



## समग्र विकासको दिर्घकालिन सोच :

मुगाल महिलाहरुलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातिय, भाषिक, धार्मिक र लैंगिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## संस्थाको दीर्घकालीन सोंच :

अबको १० वर्ष पछि मु.आ.ज.म.उ.सं मानविय, भौतिक साधन र सुविधाले सम्पन्न भई मुगालहरुको बसोबास रहेको क्षेत्रको संगठन विस्तार गरी सम्पूर्ण मुगाल महिलाहरुको साझा संस्थाको रुपमा स्थापित भएको हुनेछ ।

## संस्थाको औचित्यता :

सम्पूर्ण मुगाल महिलाहरुलाई ग्रामिण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्टिय् स्तर सम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विवेदहरुलाई हटाउन योगदान पुऱ्याउने ।

## उद्देश्यहरु :

१. मुगाल महिलाहरुलाई सामाजिक, साँस्कृतिक, अर्थिक, भाषिक र जातिय पहिचानप्रति सचेत गराउने ।
२. मुगाल महिलाहरुलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरुद्धारा सशक्तिकरण गराउने ।
३. मुगाल महिलाहरुलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरुको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।
५. मुगाल समुदाय माझ लैगिक सचेतना सम्बन्धी कार्यक्रमहरु गर्ने ।
६. आर्थिकरुपमा पिछडिएका मुगाल महिलाहरुलाई उथ्थान गर्ने खालका परियोजनाहरु संचालन गर्ने ।
७. मुगाली र नेपाली भाषामा साक्षरता कार्यक्रम संचालन गर्ने ।

## कार्यक्रम/कृयाकलाप :

मु.आ.ज.म.उ.सं ले संचालन गर्ने कार्यक्रम/कृयाकलापहरु :

१. भाषा तथा संस्कृति जर्गेना गर्ने खालका कार्यक्रम
- मुगाल भाषा र संस्कृतिको महत्व सम्बन्धि चेतना अभिवृद्धि कार्यक्रम
- भाषा तथा संस्कृति सम्बन्धी कार्यशाला गोष्ठी र बैठक
- मुगालको परम्परागत नृत्यको तालिम
- मुगाल साँस्कृतिक कार्यक्रमको आयोजना

२. मुगाल महिलाहरुलाई आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु
- जातिय चेतना अभिवृद्धि तालिम
- महिला अधिकार बारे चेतना अभिवृद्धि तालिम
- आय आर्जनका कार्यक्रमहरु

३. संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरुमा गठन भएका जिल्ला समितिहरुको संस्थागत विकास गर्ने र बाकी रहेका जिल्लाहरुमा समिति, नगर विकास समिति र गाउं विकास इकाई समितिहरु गठन र विस्तार

४. मुगाल महिलाहरुको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरु
५.मुगालमहिलाहरुको हक र अधिकार स्थापित गर्ने खालका कार्यक्रमहरु

६. मु.आ.ज.म.उ.सं.संग साझा सवालहरु भएका अन्य संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्दै जाने ।

**कार्यक्रमको मुख्य अपेक्षित उपलब्धिहरु :**
१. मुगालमहिलाहरु आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण भएका हुनेछन् ।

२. मुगाल आदिवासी जनजाति महिला उत्थान संस्थाको विभिन्न जिल्ला, गाँउ, र इकाई समितिहरुमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३.मुगालमहिलाहरुले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.मुगालमहिलाहरुको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।

५.मुगालमहिलाहरुको हक रअधिकार स्थापित भएको हुनेछ ।

६. मुगालमहिलाहरुको जातीय पहिचान दस्तावेजिकरण भएको हुनेछ ।

**ठेगाना :**
फोन नं: 9841428963
E-mail: Address: Tomalama123@yahoo.com

Registration No. 86/064